प्रणयन वर्ष २५, अङ्क ७, २०८१
ISSN (Print) : 2505-0818
Submitted Date : October 09, 2024
Accpted Date : January 15, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# आठराई गाउँपालिकाका सामुदायिक विद्यालयहरूको शैक्षिक अवस्था

विष्णुप्रसाद खनाल*

## सार

नेपालमा संस्थागत रूपमा शिक्षाको विकासमा जङ्गबहादुर राणाले शासनसत्ता हातमा लिएपछि र उनी अङ्ग्रेजी शिक्षाबाट प्रभावित भए पछि अगाडि बढेको देखिन्छ । यस अध्ययनमा नेपालको शैक्षिक ईतिहासको संक्षिप्त चिनारी, साथै आठराई गाउँपालिको शैक्षिक अवस्थाको र स्थानीय सरकारले खेलेको भूमिका नियाल्ने प्रयत्न गरिएको छ । प्रस्तुत आलेखमा द्वितीय स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । साथै क्षेत्रीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलनको मुख्य स्रोत बनाइएको छ । यसका अतिरिक्त पुस्तकालयीय अध्ययनलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ । सङ्कलित सामग्रीको व्याख्यात्मक तथा विश्लेषण पद्धतिबाट विश्लेषण गरिएको छ । आठराई गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा दिनानुदिन विद्यार्थीहरूको सङ्ख्या घट्दो रूपमा रहेको छ । अबका दिनमा विद्यालयमा विद्यार्थी घट्नाका कारणहरू पहिचान गरी सङ्घीय सरकारले तथा स्थानीय सरकारले आवश्यक कदम चाल्नु पर्ने देखिन्छ ।  आठराई गाउँपालिका स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षासम्बन्धी दिएको अधिकार प्रयोग गरी विद्यालयमा गुणस्तरीय तथा शैक्षिक सुशासन कायम गर्न विद्युतीय हाजिरी र कक्षा कोठामा सिसी टिभी, अभिभावक सम्बन्धलगायत विभिन्न कार्य गरिहेको छ ।

***शब्द कुञ्जी :*** गुणस्तरीय, शैक्षिक सुशासन, विश्लेषण, पठनपाठन, मातृभाषा

## परिचय

शिक्षाविना कुनै पनि मुलुकको भविष्य निर्माण असम्भव छ । शिक्षामा नागरिक पहुँच, गुणस्तर र व्यक्तिको अन्तरनिहित शक्तिलाई रचनात्मक सिप र ऊर्जामा परिणत गर्ने तौरतरिकामै देशको विकास

* शिक्षा शाखा प्रमुख, आठराई गाउँपालिका, khamlalung80@gmail.com

निर्भर गर्छ । नेपालको शैक्षिक क्षेत्र अझै पनि समस्यामुक्त भएको छैन । समकालीन विश्वका कतिपय मुलुकभन्दा धेरैपछि मात्र नेपालमा संस्थागत शिक्षाले जरा फैलाउन थाले पनि यसको विगत अध्ययन गर्न पर्याप्त शैक्षिक सामग्रीको अभाव थियो । वि.सं. १९०३।०६।०३ मा जङ्गबहादुर राणाले शासनसत्ता हातमा लिएपछि अङ्ग्रेजी शिक्षाबाट प्रभावित भई वि.सं. १९१० असोज २७ मा अङ्ग्रेजी प्रारम्भिक स्कुलको स्थापना (पहिलो प्रअः Mr. Canning तथा सुपरिवेक्षकः Mr. Ross, वि.सं. १९३२ देखि भाइ भारदारका छोराहरूले प्रवेश पाउन थालेका थालेका नेपालीहरूका शैक्षिक अवस्था निरन्तर बढ्दै गइरहेको छ । नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक राज्य हो । २०७२ असोज ३ गते संविधान जारी भएपछि मूलुक वैधानिक रूपमै सङ्घीयतामा गएको छ । सङ्घीयताको व्याख्या गर्दा नेपालमा ३ तहका सरकारहरू छन्, जुन सङ्घ, प्रदेश र स्थानीय सरकार हुन् । नेपालको संविधान अनुसार स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई बुझिन्छ *(नेपालको संविधान, २०७२)* । त्यसमा पनि प्रत्यक्ष जनतासँग जोडिने भनेको स्थानीय सरकार नै हो । जनताका पिरमर्कालाई नजिकबाट चिन्ने र समस्या समाधानमा अग्र स्थानमा आउने सरकार पनि स्थानीय सरकार नै हो । केन्द्रको अधिकार स्थानीय तहमा आइसकेपछि धेरै स्थानीय तहहरूले आफ्नो मुहार फेरेका छन् । जनताका पिर मर्कालाई बुझ्ने अवसर प्राप्त गरेका छन् र जनतासँग प्रत्यक्ष जोडिएर सेवा प्रदान गर्ने सुनौलो अवसर समेत प्राप्त गरेका छन् । यस अध्ययनमा नेपालको शैक्षिक ईतिहासको संक्षिप्त चिनारी साथै आठराई गाउँपालिको शैक्षिक अवस्थाको अवलोकन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत आलेखमा क्षेत्रीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलन्को मुख्य स्रोत बनाइएको छ । द्वितीय स्रोतको प्रयोगगरी तथ्य सामग्री सङ्कलन गरिएको छ । यसका साथै पुस्तकालयीय अध्ययनलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ । सैद्धान्तिक र प्रायोगिक ढाँचाबाट सङ्कलित सामग्रीको विश्लेषण र मूल्याङ्कन गर्ने पद्धति अङ्गालिएको छ ।

## अध्ययन तथा विश्लेसण

### नेपालको शैक्षिक इतिहासको संक्षिप्त चिनारी

नेपालमा संस्थागत शिक्षाले जरा फैलाउन वि.सं. १९०३।०६।०३ मा जङ्गबहादुर राणाले शासनसत्ता हातमा लिएपछि अङ्ग्रेजी शिक्षाबाट प्रभावित भई वि.सं. १९१० असोज २७ मा अङ्ग्रेजी प्रारम्भिक स्कुलको स्थापना थाले पनि यसको विगत अध्ययन गर्न पर्याप्त शैक्षिक सामग्रीको अभाव थियो  (पहिलो प्र.अ. Mr. Canning तथा सुपरिवेक्षकः Mr. Ross, १९३२ देखि भाइ भारदारका छोराहरूले प्रवेश पाउन थालेका थालेका नेपालीहरूका शैक्षिक अवस्था निरन्तर बढ्दै रहेको छ । वि.सं.१९४२ देखि सर्वसाधारण जनताका छोराले प्रवेश पाउन सक्ने व्यवस्था,शुरूमा हाइस्कुलको सम्बन्धन कलकत्ता विश्वविद्यालयसँग रहेकोले कक्षा १० को अन्तिम परीक्षा दिन कलकत्ता जानुपर्ने अवस्था थियो, वि.सं. १९१५ मा शिक्षा विभागको गठन (डाईरेक्टर जनरल बबरजङ्ग), १९३२ मा भोजपुरको दिङ्लामा बालागुरू षडानन्दले संस्कृत पाठशालाको स्थापना,  १९३४ मा रानीपोखरी पाठशालाको स्थापना पछि संस्कृत शिक्षाको पनि सरकारी तवरबाट शुरूवात भएको पाइन्छ (ढुङ्गाना, २०१८, पृ. २) ।  देवशमशेरले देशभरि करिब ३०० पाठशाला

खोल्ने उद्देश्यले करिब ३ लाख रूपैयाँ छुट्याएका थिए र  छोटो अवधिमा ५७ वटा पाठशालाहरू खोले । चन्द्र शमशेरले भाषा पाठशालाहरूको निरीक्षण गर्न १९७६ मा पाठशाला बन्दोबस्त इन्स्पेक्टरी अफिसको स्थापना गरेका, १९६८ देखि म्याट्रिकुलेसन परीक्षामा नेपाली भाषाको माध्यमबाट परीक्षा दिन पाईने व्यवस्था भएको, १९७० फागुनमा गोरखा भाषा प्रकाशिनी समितिको अड्डा खुलेको र १९८९ देखि यसको नाम नेपाली भाषा प्रकाशिनी समिति भएको, १९७५ भाद्र २७ मा मा उच्च शिक्षाको व्यवस्था गर्न त्रिचन्द्र कलेज -तत्कालीन त्रिभुवन चन्द्र कलेज)को स्थापना, शुरूमा, १९८६ देखि पटना विश्वविद्यालयको परीक्षा केन्द्र काठमाडौंमा खुलेको थियो, १९९० कार्तिक १६ मा एस.एल.सी. परीक्षा बोर्डको गठन, अनुसार २०१० चैत्र ९ मा ४६ सदस्यीय राष्ट्रिय शिक्षा योजना आयोगको गठन, उक्त आयोगले नेपालमा शिक्षा नामक प्रतिवेदन २०११ फागुन १६ मा पेश गरेको थियो (ढुङ्गाना, २०१८, पृ.५)। प्रौढहरूका लागि प्रौढ शिक्षाको व्यवस्था, नेपाली भाषाको माध्यमबाट पठनपाठन  माध्यमिक विद्यालय शिक्षक, प्र.अ., शिक्षा निरीक्षक र शिक्षा प्रशासक तयार गर्न कलेज अफ एजुकेशन वि.सं.  २०१३ साल भाद्र २४ मा स्थापित, १ वर्षे, ३ वर्षे तथा ४ वर्षे बी. एड. कार्यक्रम सञ्चालन गरेको । वि.सं. २०२९ देखि राष्ट्रिय शिक्षा पद्धतिको योजना प्राविधिक उच्च शिक्षातर्फ लागू भएपछि यो त्रि.वि.वि. शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गतको क्याम्पस बन्न गयो । वि.सं. २०१६ आषाढ ११ मा त्रिभुवन विश्वविद्यालयको स्थापना,  भएको थियो ।

वि.सं. २०१७ सालको राजनैतिक परिवर्तनपछि अनुकूल शिक्षाको व्यवस्था गर्न तत्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा १२ सदस्यीय सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन  वि.सं. २०१८ बैशाख २५ मा, समितिले वि.सं. २०१८ असार १५ मा आफ्नो प्रतिवेदन पेश गरेको । यसका प्रमुख सिफारिशहरू निम्नानुसार रहेका थिय, सम्पूर्ण देशमा एकै प्रकारको शिक्षा पद्धति (५+६+३ को शिक्षाको संरचना) लागू गर्नुपर्ने र शिक्षाको माध्यम एकै हुनुपर्ने, शिक्षालाई देश, समाज र व्यक्तिको निमित्त सबै दृष्टिबाट उपयोगी बनाउनु पर्ने, प्राथमिक शिक्षालाई सम्पूर्ण देशभर निःशुल्क एवं अनिवार्य गर्नुपर्ने, व्यावसायिक तथा प्राविधिक शिक्षातर्फ विशेष ध्यान दिनुपर्ने, संस्कृत शिक्षालाई प्रोत्साहन गर्न साधारण शिक्षामा नै समाविष्ट गराउने, संस्कृत, लिने छात्रहरूसँग शुल्क नलिने र सकेसम्म छात्रवृत्ति उपलब्ध गराउने, समाजका प्रत्येक अङ्गलाई साक्षर बनाउन समाज शिक्षाको व्यवस्था गर्ने, देशका सारा शिक्षण संस्था उपर सरकारको नियन्त्रण हुनुपर्ने, शिक्षण संस्था र त्यसबाट प्राप्त हुने उपाधि एवं नामाकरण आफ्नो संस्कृति एवं परम्पराको अनुरूप गर्ने (प्राथमिक विद्यालय पास – प्रथमा, माध्यमिक विद्यालय पास – मध्यमा, स्नातक पास – स्नातकशास्त्री, स्नातकोत्तर – आचार्य आदि), उच्च शिक्षाको क्रममा पनि परिवर्तन ल्याउने र त्यसलाई सुगठित बनाउने -उच्च शिक्षा तर्फ एकै प्राध्यापकले दुइ, तीन तिर काम गर्न पाउने व्यवस्थाको अन्त हुनुपर्ने, UNESCO को सहयोगमा ओरेगन विश्वविद्यालयका प्राध्यापक डा. ह्युग बी. उड र ब्रूनो नालको दलले शिक्षा विकासको निमित्त व्यावहारिक सुझावहरू पेश गर्न टोली गठन २०१८ पौषमा, यसले चलिरहेका विविध प्रकारका शिक्षाको विस्तार बन्द गर्ने, प्राथमिक तहमा १:२५ देखि १:३० र माध्यमिक तहमा १:२० देखि १:२५ शिक्षक विद्यार्थी अनुपात कायम राख्ने, आर्थिक स्रोत पुग्दो नहुञ्जेल ६ वर्षको लागि माध्यमिक शिक्षा स्थगित राख्ने काम भयो (ढुङ्गाना, २०१८, पृ.१०) ।

२०२६ कार्तिक १४ मा बासुदेव ढुङ्गानाको अध्यक्षतामा ७ सदस्यीय रााष्ट्रिय शिक्षा सल्लाहकार परिषद्को पुनः गठन, शिक्षा प्रशासनको व्यवस्था उपयुक्त नभएको, शिक्षाको कार्यक्रम योजनाबद्ध नभएको, हाल विनियोजित रकमबाट सिफारिसहरू लागु गर्न नसकिने मुख्य रायहरू प्रस्तुत गरेको, प्रतिवेदनको कारवाही हुन नपाउँदै २०२८ बैशाख ५ मा राष्ट्रिय शिक्षा समितिको गठन भएपछि औचित्यहीन भएको पाइन्छ ।

२०१७ मा जिल्ला शिक्षा निरीक्षकको व्यवस्था, २०१८ मा अञ्चल शिक्षा अधिकारीको व्यवस्था (२०२७ सालमा अञ्चल शिक्षा अधिकारी कार्यालय खारेज भएका),२०२३ मा बागमती, नारायणी र गण्डकी ३ अञ्चलका २० जिल्लामा प्राथमिक विद्यालयमा पढाउन चाहने वा शिक्षक बन्न चाहनेले शिक्षण अधिकारपत्र लिनुपर्ने व्यवस्था लागु भयो सीमित व्यक्ति वा संस्थालाई अति गोप्य तरिकाले योजनाको मस्यौदा तयार गरी राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८– २०३२) तयार गरिएको थियो ।

लागू गर्नका लागि शिक्षा ऐन २०२८ को तर्जुमा भई चरणबद्ध रूपमा लागु गरिएको २०३५ सालमा रेडियो शिक्षा शिक्षक तालिम आयोजनाको स्थापन साथै २०३७ सालदेखि रेडियो तालिम कार्यक्रम शुरू, २०५० श्रावण १ मा दूर शिक्षा केन्द्रको स्थापनामा प्रेरित गरेको छ ।

२०३९ भाद्र १ मा रणधीर सुब्बाको अध्यक्षतामा ५ सदस्यीय शाही उच्च शिक्षा आयोगको गठन, उच्च शिक्षामा सीमित रही गठन गरिएको यो पहिलो आयोग, आयोगका मुख्य सुझावहरूले उच्च शिक्षासम्बन्धी नीति निर्माण र अन्य काम गर्न उच्चस्तरीय राष्ट्रिय निकायको व्यवस्था गर्नुपर्ने, त्रिविविको केन्द्रीय प्रशासनिक संरचनामा परिवर्तन गर्नुपर्ने, क्याम्पस प्रमुखको पद सावधिक नराखी स्थायीरूपमा नियुक्त गर्ने, प्राविधिक अध्ययन संस्थानको प्रमुखलाई रेक्टर (शिक्षाध्यक्ष) भन्ने, संस्कृत उच्च शिक्षाका लागि अलग विश्वविद्यालय स्थापना गर्ने, संस्कृत विश्वविद्यालय सञ्चालनको आर्थिक दायित्व सरकारले व्यहोर्ने कुरामा जोड गरेको छ । प्रजातन्त्रको पुस्थापना पश्चात शिक्षाको समयानुकूल विकास र विस्तार गर्न २०४७ फागुन १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन, २०४८ श्रावण १३ मा पुनःगठन त्यसैगरी २०५४ बैशाख १२ को सरकारको निर्णयानुसार तत्कालीन शिक्षामन्त्री देवी प्रसाद ओझाको अध्यक्षतामा १९ सदस्यीय उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, गठन गरिएको थियो । शिक्षा ऐन २०२८ को नवौं संशोधनले माध्यमिक शिक्षालाई कक्षा १२ सम्मको शिक्षा मानेको छ , माध्यमिक तह अर्थात कक्षा १२ सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्राप्त भएको देखिन्छ। साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि शिक्षासम्बन्धी विभिन्न २३ वटा अधिकारहरू प्रदान गरेको छ जुन ऐनले प्रदान गरेको शिक्षासम्बन्धी अधिकारलाई ऐन, कानुन, कार्यविधि तथा मापदण्ड बनाई नगर वा गाउँ सभाले पारित गरी स्थानीय सरकारले कार्यान्यवन गर्नुपर्ने कुरामा जोड दिएको छ

## नेपालको संविधान २०७२ जारी भए पश्चात शिक्षाका उल्लिखित प्राप्त अधिकारहरू

नेपालको संविधान २०७२ असोज ३ गते संविधान जारी भएपछि मूलुक वैधानिक रूपमै सङ्घीयतामा गएको छ । सङ्घीयताको व्याख्या गर्दा नेपालमा ३ तहका सरकारहरू छन् जुन सङ्घ, प्रदेश र स्थानीय सरकार हुन् । नेपालको संविधान अनुसार स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई बुझिन्छ (नेपालको संविधान २०७२) । स्थानीय जनतासँग जोडिएर स्थानीय सरकारले जनताका समस्या समाधानमा स्थानीय तहमा आइसकेपछि धेरै स्थानीय तहहरूले आफ्नो मुहार फेरेका छन् । त्यसैले पनि स्थानीय सरकारलाई मजबुत बनाउन संविधानलेनै थुप्रै हक अधिकारहरू पनि प्रदान गरेको छ जस मध्ये नेपालको संविधानको धारा (५७) को उपधारा (४), धारा (२१४) को उपधारा (२), धारा (२२१) को उपधारा (२) र धारा (२२६) को उपधारा (१) सँग सम्बन्धित स्थानीय तहको एकल अधिकारको सूचीको बुँदा नं ८ मा आधारभूत र माध्यमिक शिक्षा को सम्पूर्ण जिम्मा स्थानीय तहलाई दिएको छ । साथै नेपालको संविधान मा स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र सङ्घीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहनेछ पनि भनिएको छ जसको अर्थ हो स्थानीय तहको

सम्पूर्ण कार्यकारिणी अधिकार सङ्घ र प्रदेशसँग नबाझिने गरी गाउँकार्यपालिका वा नगरकार्यपालिकाको हुन्छ जसले गर्दा हरेक स्थानीय तहहरूले सङ्घीय र प्रदेश कानुनको अधिनमा रही विभिन्न ऐन, नियमहरू बनाई आफ्ना कार्यहरू अगाडि बढाइराखेको अवस्था पनि छ । संविधानबाट प्रदान गरिएका शिक्षा सम्बन्धी आधारभूत तथा माध्यमिक तहसम्मको हक सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (ज) ले २३ वटा अधिकार स्थानीय तहको सरकारलाई दिएको छ । उक्त अधिकार अन्तर्गत विद्यालयको भौतिक पूर्वाधारको व्यवस्था, आर्थिक, सामाजिक र भौतिक व्यवस्थापन, गुणस्तरीय शिक्षा, विद्यालयको मानव स्रोतको व्यवस्था र व्यवस्थापन, शिक्षकहरूको तालिम, विद्यालयसित सम्बन्धित सम्पत्तिको सुरक्षा, संरक्षण र व्यवस्थापन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा व्यवस्थापन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन लगायतका थुप्रै विषयहरू रहेका छन् । शिक्षाको अधिकार सुनिश्चित गरी स्थानीय तहको विकास र समृद्धिलाई सुनिश्चित गर्न उपलब्ध स्रोत, साधन, भौतिक पूर्वाधार, आर्थिक, सामाजिक विकास आदिलाई मध्यनजर गरी विद्यालयलाई समुदाय विकासको केन्द्रमा राखेर शिक्षा र समृद्धिको स्पष्ट खाका कोर्न हरेक स्थानीय तहबाट यस विषम परिस्थितिमा अति आवश्यक रहेको छ । किनकी नेपालको संविधानको भाग ३ मौलिक हक अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ त्यसैले हालको विषम् परिस्थितिमा स्थानीय सरकार हरेक विद्यार्थीको घर आँगनमा पुगी शिक्षामा पहुँचको हक दिलाउनु जरूरी छ । शिक्षामा लगानी विना कुनैपनि स्थानीय तहले आफ्नो शक्ति र सामर्थ्यको विकास गर्न सक्दैनन् । सामर्थ्य विना सम्मृद्धिको सपना पनि साकार पार्न कठिन हुन्छ । हालको परिस्थितिमा पनि स्थानीय तहमा शिक्षाको विकासलाई सुनिश्चित गर्न बालबालिका, शिक्षक, अभिभावक, स्थानीय समुदायको सक्रिय सहभागिता, साथै स्थानीय सरोकारवाला निकायहरूको सक्रिय सहभागिता र स्थानीय तहको उत्तरदायीपूर्ण भूमिका अपरिहार्य हुन्छ । तब मात्र शिक्षण सिकाइलाई सबैको पहुँचमा पुर्याइ उत्कृष्ट र अर्थपूर्ण बनाउन सकिन्छ ।

## आठराई क्षेत्रमा बसोबास गर्ने नागरिकको अवस्था

आठराईको शिक्षाको वर्तमान अवस्थाको विश्लेण गर्नु भन्दा अगाडि गाउँपालिकाको जनशक्तिकोअवस्थालाई अध्ययन गर्नु आवश्यक हुन्छ । जसले गर्दा राष्ट्रिय जनगणना २०७८ को विवरण अनुसार यस पालिकामा बसोबास गर्नेहरूको सङ्ख्या दिनानुदिन घट्दै गइरहेको अवस्था देखाएको छ । जसको कारण बसाई सराई प्रमुख रहेको देखिन्छ । जनसङ्ख्याको वर्तमान अवस्थालाई तल प्रस्तुत गरिएको छ ।

**तालिका १**

*नेपालको जनगणना २०७८ अनुसार आठराई गाउँपालिकाका उमेरगत आधारमा*

| उमेर समूह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| ६० माथि | १२०१ | ११८० | ३७६३ |
| १५-५९ | ५२८३ | ५५३७ | १०८२० |
| १५ भन्दा मुनी | २४९० | २४३३ | ४९२३ |
| जम्मा | ८९७४ | ९१५० | १८१२४ |

## राष्ट्रिय जनगणना २०७८

नेपालको जनगणना २०७८ को विवरण अनुसार आठराई गाउँपालिकाको कुल जनसङ्ख्या १८१५६ रहेको छ भने पुरूषको भन्दा महिलाको सङ्ख्या २४४ जना वढी रहेकोछ । पुरूषको सङ्ख्या ४९.३२ प्रतिशत रहेकोछ भने महिलाको सङ्ख्या ५०.६७ प्रतिशत रहेकोछ । यसबाट के बुझ्न सकिन्छ भने अब विद्यालयमा छात्रको सङ्ख्या भन्दा छात्राको सङ्ख्या वढ्नेछ । स्थानीय सरकारले छात्रहरूका लागि छात्रवृत्तिको अवस्था र सेनिटरी प्याडको वितरमा थप योजना बनाउनु पर्ने देखिन्छ । नेपालको जनगणना २०७८ अनुसार आठराई गाउँपालिकाको कूल साक्षरता दर निम्नानुसार रहेकोछ कुल साक्षरता दर ८२.२ पुरूष साक्षरता दर ८९.२, महिला साक्षरता दर ७५.५ रहेको छ । यस आँकडा अनुसार पुरूषको तुलनामा महिलाको साक्षरता दर कमी देखिएकोछ । स्थानीय तहले महिला साक्षरता दर बढाउने किसिमका योजनाहरू बनाउनु आवश्यक देखिएकोछ ।

**तालिका २**

*आठराई गाउँपालिको वडा स्तरीय जनसात्तिक विवरण*

| वडा | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १३३० | १४११ | २७४१ |
| २ | १२३३ | १२५४ | २४८७ |
| ३ | १२४७ | १२६९ | २५१६ |
| ४ | १५५८ | १६३७ | ३२२६ |
| ५ | ११६३ | १२३१ | २३९४ |
| ६ | १५०५ | १५२७ | ३०३० |
| ७ | ८९१ | ८७१ | १७७६ |
| | ८९५६ | ९२०० | १८१५६ |

*स्रोत : नेपालको जनगणना, २०७८*

आठराई गाउँपालिकाको जनसङ्ख्याको अवस्थालाई हेर्दा पुरूषको भन्दा महिलाको जनसङ्ख्या वडागत रूपमा पनि बढी नै रहेको जनगणना २०७८ ले देखाएको छ । तर पुरूषको तुलनामा महिला करिब १५ प्रतिशत साक्षरता दर कमी देखाएको छ । अबको १० वर्षमा वढी निरक्षर वृद्धवृद्धाहरूको निधन हुने आँकलन गर्न सकिन्छ र तुलनात्मक रूपमा महिला र पुरूषको साक्षरता दरको दूरी घट्ने अनुमान गर्न सकिन्छ । यस अवस्थालाई हेरेर स्थानीय सरकारले महिला मैत्री पढाइ कार्यक्रम आफ्नो नीति तथा कार्यक्रममा राख्नु पर्ने देखिन्छ ।

**तालिका २**

*बालबालिकाको बसोबासको अवस्था*

| विवरण | जम्मा | पुरूष | महिला |
|---|---|---|---|
| आमा र बुबा | ७९.६ | ८०.३ | ७८.९ |
| आमा मात्र | १३.९ | १३.७ | १४ |
| बुबा मात्र | १.८ | १.८ | १.८ |
| बुबा र सोतेनीआमा | ०.६ | ०.७ | ०.५ |
| आमा र सैतेनी बुबा | ०.१ | ०.१ | ०.१ |
| अन्यनातेदार | ०.० | ०.१ | ४.३ |
| रोजगारदाता | ३.७ | ३.२ | ० |
| अन्य | ०.२ | ०.१ | ०.२ |
| उल्लेख नभएको | ०.०५ | ०.०३ | ०.१ |

*स्रोत : नेपालको जनगणना, २०७८*

यस तालिका अनुसार आमाबाबु दुबै जना भएका बालबालिकाको सङ्ख्या ७८.९०% रहेको जनगणनाको प्रतिवेदनले देखाएको छ । बाँकी २१.१०% प्रतिशत बालबालिका कुनै न कुनै प्रकारले बाबुआमाको मायाँबाट टाढा रहेको देखिन्छ भने त्यसमध्ये ४.७ % बालबालिका अरूको आमाबाबुको मायाँबाट टाढा रहेको पाइन्छ । यी र यस्ता वालवालिकाहरूका लागि पनि स्थानीय सरकारले अभिभावकत्व ग्रहण गर्ने गरी छुट्टै योजना बनाउनु नितान्त आवश्यकता देखिन्छ ।

## आठराईको शैक्षिक परिचय


आठराईको शैक्षिक इतिहास अध्ययन गर्दा औपचारिक रूपमा बि.स. १९८६ मा स्थापना भएको वर्तमान मूलपानी आधारभूत विद्यालयको स्थापना भएको पाइन्छ । त्यस भन्दा अगाडि पनि अनौपचारिका रूपमा शिक्षाको ज्ञान लिन विभिन्न समुदायको केन्द्रमा सावाँ अक्षर सिकाउनका लागि दियालोको उज्यालोमा दिनभर काम गरेर राती राती गुरूकुल शिक्षाको रूपमा सिकाउने गरेको इतिहास पाइन्छ । बि.स. १९८६ सालमा मूलपानी पाठशालाको रूपमा स्थापना भएको विद्यालय नै आठराई गाउँपालिकाको पहिलो विद्यालयका रूपमा रहेको छ । हाल मूलपानी आधारभूत विद्यालयको नामबाट सञ्चालित अवस्थामा रहेको छ । त्यस्तै गरेर बि.स.१९९८ मा राम संस्कृत माध्यमिक विद्यालय स्थापना भएको थियो भने २००३ मा त्रि-मोहन माध्यमिक विद्यालय र शारदा माध्यमिक विद्यालय स्थापना भएको थियो । यसरी सरकारी विद्यालयहरू खोल्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने तत्कालीन फेदाप कोयाखोला संक्रान्तिका ब्यक्तित्वहरूमा ब्रह्मलाल सिटौला, बहीदार गङ्गाप्रसाद सिटौला, जमिनदार देवीप्रसाद उप्रेती, रघुनाथ गौतम, टङ्कनाथ गौतम,मेनकाप्रसाद गौतम,यज्ञनिधि दाहाल, डोलेश्वर गौतम,द्रोणाचार सिटौला, धरणीधर न्यौपाने, हरिचरण सिटौला, हरिलाल थपलिया लगायत सिटौला परिवार, थपलिया परिवार, कन्दङ्वा परिवार, इङ्नाम परिवारको उल्लेखनीय योगदान रहेको पाइन्छ (उप्रेती, गङ्गाप्रसाद र दाहाल राधिकाक, २०७२,पृ.२०) । वर्तामान अवस्थामा आठराई गाउँपालिकामा ५९ वटा सामुदायिक विद्यालयहरू, ४ वटा

वालविकास केन्द, ४ वटा सामुदायिक सिकाइ केन्द्र, ३ वटा संस्थागत विद्यालय, र १ आङ्गिक क्याम्पस र १ सामुदायिक क्याम्पस समेत सञ्चालनमा रहेका छन् ।

## आठराई गाउँपालिकामा सामुदायिक विद्यालयहरूको वर्तमान अवस्था

आठराई गाउँपालिका भित्र ५९ वटा सामुदायिक विद्यालय, ३ ओटा बालबिकास केन्द्र, १ स्थानीय तहबाट सञ्चालित बालबिकास केन्द्र, ३ ओटा संस्थागत विद्यालय, २ ओटा क्याम्पस, १ प्राविधिक शिक्षालय र ओटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् (Emis.cehrd.gov.np:2080) ।

नेपालको समग्र सामुदायिक विद्यालयको स्थितिलाई अध्ययन गर्दा दिनानुदिन सामुदायिक विद्यालयको सिकाइ उपलब्धि न्यून हुँदै गएको छ । यस पीडाबाट आठराई गाउँपालिका पनि अछुतो रहन सकेको छैन । नेपालको जनगणना २०७८ को तथ्याङ्कलाई हेर्दा यस पालिकाको जनसङ्ख्या १८१५६ रहेको छ भने २०७८ मा सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या ५८११, २०७९ सालमा ५३१२ र २०८० सालमा ४९०९ जना बालबालिका विद्यालयमा भर्ना भएको देखिन्छ । यसबाट पनि के बुझ्न सकिन्छ भने सामुदायिक विद्यालयमा दिनानुदिन विद्यार्थीहरूको सङ्ख्या घट्दो रूपमा गइरहेको छ । अबका दिनमा विद्यालयमा विद्यार्थी घट्नाका कारणहरू पहिचान गरी सङ्घीय सरकारबाट हस्तान्तरित बजेटलाई शिक्षा क्षेत्रसँग जोडेर परिचालन गर्ने र शिक्षण सिकाइलाई समय सापेक्ष र प्रविधिमैत्री नबनाउने हो भने अवको ५ वर्षमा ५९ विद्यालयहरू मध्ये कम्तिमा १० वटा विद्यालयहरू समायोजन गर्नुको विकल्प छैन । यसका साथै तहगत रूपमा शिक्षक विद्यार्थी अनुपात पनि मिलाउनु पर्ने हुन्छ । २०८० को एकिकृत शैक्षिक सूचना व्यवस्थाप प्रणाली (IEMIS) मा भएको डाटा अनुसार आधारभूत तह (१-५) मा प्रति शिक्षक करिब ११ जना विद्यार्थी छन् । आधारभूत तह (६-८) प्रति शिक्षक करिब २३ जना विद्यार्थी रहेका छन् । माध्यमिक तह (९-१०) मा प्रति शिक्षक करिब ११ जना विद्यार्थीको जिम्मेवारी आउछ । यो पालिकाको समग्र अवस्था हो तर अब विद्यालयहरूलाई समायोजन र दरबन्दी मिलान नगर्ने हो भने बसोबास कमी भएको क्षेत्रका आधारभूत तहसम्म सञ्चालन भएका विद्यालयहरूमा विद्यार्थीको सङ्ख्या न्यून रहिरहने र बसोबासको चाप वा सहरीक्षेत्रका सामुदायिक विद्यालयहरूमा विद्यार्थीको सङ्ख्या बढी हुने र कक्षाकोठा व्यवस्थापन तथा शिक्षकको सङ्ख्या कमी हुने समस्या रहिरहने देखिएको छ । शिक्षक र विद्यार्थी अनुपात हेर्दा सबैभन्दा वढी लगानी आधारभूत तह (१-५) मा गर्नु पर्ने तथ्याङ्कले देखाएको छ (आठराई गाउँपालिका, २०८१) ।




## तालिका ३

*सामुदायिक विद्यालय शिक्षामा देखिएका प्रमुख समस्या*

| year | ECD/PPC | | G1-5 | | | tech | G6-8 | | | tech | G9-10 | | | tech | G11-12 | | | tech | Total | | | teac |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | g t | 62 | Girls | Boys | Total | 212 | Girls | Boys | Total | 58 | Girls | Boys | Total | 43 | Girls | Boys | Total | 18 | Girls | Boys | Total | 331 |
| 2080 | 630 | 10.2 | 1081 | 1055 | 2136 | 10.08 | 631 | 660 | 1291 | 22.26 | 254 | 210 | 464 | 10.7907 | 206 | 182 | 388 | 21.6 | 2481 | 2428 | 4909 | **14.8** |
| 2079 | 693 | 11.2 | 1151 | 1174 | 2325 | 10.97 | 568 | 574 | 1142 | 19.69 | 334 | 324 | 658 | 15.3023 | 268 | 226 | 494 | 27.4 | 2657 | 2655 | 5312 | **16** |
| 2078 | 730 | 11.8 | 1299 | 1307 | 2606 | 12.29 | 579 | 587 | 1166 | 20.1 | 352 | 355 | 707 | 16.4419 | 326 | 276 | 602 | 33.4 | 2909 | 2902 | 5811 | **17.6** |

*स्रोत : गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक (emis.cehrd.gov.np:2080)*

*(emis.cehrd.gov.np:2080)*




***(emis.cehrd.gov.np:2080)***

संविधानत सार्वजनिक शिक्षा माध्यामिक तहसम्म निःशुल्क हुने भनिए पनि विद्यार्थीहरूबाट शुल्क लिएर पालिकाभित्रका कतिपय सामुदायिक विद्यालयहरूले अङ्ग्रेजी माध्यमको नाममा अभिभावकबाट धेरै थोरै सहयोगस्वरूप शुल्क लिएर निजी शिक्षकलाई तलब भत्ता र विद्यालय व्यवस्थापनमा खर्च गरिरहेका छन् । शिक्षा नियमावली २०५९ (संसोधनसहित) अनुसार शिक्षक विद्यार्थी अनुपात तराईमा ५०, हिमालमा ४० र पहाडमा ४५ छ। अर्थात तराईमा एक शिक्षक बराबर ५० जना विद्यार्थी, हिमालमा ४० जना र पहाडमा ४५ जना विद्यार्थी हुनु पर्दछ भने तापनि धेरै सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी र विद्यार्थी अनुपात मिल्न सकेका छैनन् (नेपाल सरकार, २०५९, पृ. ९०)।

- पहाडी तथा दुर्गम क्षेत्रमा समयमै पाठ्यपुस्तक उपलब्ध नहुने, भौतिक संरचनाको अभाव, नियमित अनुगमनको अभाव जस्ता समस्याले सामुदायिक विद्यालयहरू गुज्रिरहेको पाइन्छ। त्यस्तै खेताला शिक्षक राखी तलब भत्ता खाने, शिक्षकले राजनीति तथा अन्य पेसा व्यवासय गर्ने जस्ता समस्याहरू पनि सामुदायिक विद्यालयमा विगतमा थिए यस समस्यालाई आठराई गाउँपालिकाले पूर्ण रूपमा खेताला शिक्षक राख्ने परिपाटीलाई कडाइका साथ लागु गरेकोछ । साविकको जिल्ला शिक्षा कार्यालय

हाल शिक्षा विकास तथा समन्वइ एकाइले पनि शिक्षक सरूवा र भौतिक पक्षमा मात्र ध्यान दिँदा शैक्षिक गुणस्तरमा सुधार नआएको तितो यथार्थ हो ।

- पहाडी तथा दुर्गम जिल्लाको ग्रामीण समुदायका सामुदायिक विद्यालयहरूको अर्को प्रमुख समस्या भनेको बसाइँसराई हो । गाउँका युवाहरू विदेश पलायन हुने र बैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले तराइमा बसोबास गर्नाले विद्यार्थीहरूको सङ्ख्यामा कमी आउने र विद्यालयहरू बन्द हुने अवस्था छ ।
- स्थानीय स्तरमा दक्ष जनशक्तिको उत्पादन उत्पादन नहुन पनि अर्को समस्या हो । शिक्षक सेवा आयोगबाट विषयगत दरवन्दी अनुसार शिक्षकहरू पठाउने तर स्थानीय स्तरका शिक्षकहरूको उत्पादन कम भएका कारण बाहिरबाट आउने शिक्षकहरू चाँडो सरूवा हुने हुनाले सिकाइ सहजीकरणमा विचैमा समस्या हुने र वालवालिकाहरूको सिकाइ उपलब्धि न्यून हुने गरेकोछ ।
- बालबालिकाहरूको बढी चाप प्राथमिक तहमा हुने गरेको र शिक्षक सेवा आयोगबाट सिफारिस भएर आउने स्थायी शिक्षकहरू माथिल्लो योग्यताको हुने र पुन आयोगको तयारी गर्ने कारणले कक्षा १-३ को एकिकृत पाठ्यक्रमले राखेको लक्ष अनुरूपको मूल्याङ्कन नै नहुने र शिक्षकहरूबाट न्यूनतम शिकाइ उपलब्धि हासिल नगरी कक्षा चढाउने परिपाटी पनि अर्को प्रमुख समस्या हो । यसमा कुनै शिक्षक कर्मचारी र राजनीतिक दलका प्रतिनिधि तथा जनप्रतिनिधिहरूको ध्यान नजानु अर्को समस्या हो । यो समस्याले झन दिनानु दिन पालिकाको शैक्षिक स्थितिमा समस्या ल्याएको छ ।
- कतिपय शिक्षकहरूमा पाठ्यक्रमले निर्दिष्ठ गरेका उदेश्यहरू पूरा गर्न भन्दा पनि शिक्षकहरू पढाउन मात्र ध्यान दिने र पाठ सक्ने अनि चुपचाप बस्ने परिपाटीले गर्दा पनि समस्या देखिएको छ । विषेश गरेर प्राथमिक तहमा शिक्षकहरूले पाठ्यपुस्तकलाई मात्र प्रमुख शैक्षिक सामग्री बनाएर कक्षाकोठामा जाने र पढाने काम मात्र गर्ने सिकाउने काम नगरेका कारण पनि शैक्षिक नतिजामा कमी आएको हो ।
- विद्यालयको भौतिक पूर्वाधारको अवस्था स्थानीय तहले समयसापेक्ष बनाउन सकेको छैन । पाठ्यक्रमले राखेका उदेश्यहरू पूरा गर्न कक्षाकोठा पनि बालमैत्री बनाउनु पर्ने र प्रविधिलाई पनि उत्तिकै ध्यान दिन आवश्यक छ । यसका साथै शिक्षकहरूको पेसागत विकासका लागि समय समयमा तालिमको व्यवस्था नहुनु अर्को समस्या हो ।
- स्थानीय तहले वितरण गर्ने योजनाहरू व्यक्तिमुखी र वितरणमूखी हुने गरेको जसका कारण शिक्षा क्षेत्रका योजनाहरू ओजेलमा पर्ने गरेको शिक्षा क्षेत्रको बृहत शैक्षिक योजना नै नभएको हुनाले व्यक्तिमुखी योजना मात्र शिक्षामा छनोटमा परेका कारण बृहत शैक्षिक योजना निर्माण गरी प्राथमिकताक्रमका आधारमा शैक्षिक योजना निर्माण गर्नु पर्ने हुन्छ ।
- आठराई गाउँपालिकामा अभिभावक शिक्षा अनिवार्य रहेको छ । अभिभावक, शिक्षक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्ध स्थापित गर्न सकिएन भने पनि शैक्षिक उपलब्धिमा ह्रास आउन सक्छ । अभिभावकहरूको सामुदायिक विद्यालयहरूको चासोमा वृद्धि हुने किसिमका कार्यक्रम तयार गरी अभिभावक समक्ष लैजानु पर्दछ ।
- विपन्नलक्षित, अपाङ्गता, सहाराविहीन बालबालिकाहरूको पहिचान गरी तिनको पारिवारिक व्यवस्थापनमा सेवासुविधा प्रदान गर्दै क्षमता अनुसारको पठाइमा ध्यान दिन जरूरी छ ।

- छोराछोरीहरूको शिक्षामा ध्यान दिन अभिभावकहरूलाई उनीहरूको क्षमता, इच्छा, रूची र चाहनाकाको पहिचान गरी उनीहरको प्राथमिकताको आधारमा व्यवसायिक बनाउनु पर्दछ । जसले गर्दा बालबालिकाको शिक्षा प्रतिको चासोमा अभिभावकहरूको पनि ध्यान पुग्नेछ ।
- समय सापेक्ष प्राविधिक शिक्षा प्रदान गर्ने स्थानीय सरकारले एक प्राविधिक शिक्षालयको स्थापना गर्ने नेपाल सरकारसमक्ष पहल गर्नु पर्दछ । त्यो शिक्षा छुट्टै नभएर विद्यालय तहमा नै हुनु पर्दछ । कुनै राजनीतिक दल वा व्यक्तिको इच्छामा त्यस्ता कार्यक्रम सञ्चालन गर्ने हो भने राज्यको लगानी खेर जाने देखिएको छ । उदाहरणको लागि तेह्रथुम बहुप्राविधिक शिक्षालय क्षेत्रका आधारमा केन्द्रमा नभएको कारण हाल विद्यार्थीहरूको उपस्थिति न्यून रहेकोछ । यदि त्यही शिक्षालय स्थानीय तहको केन्द्रमा भएको भए विद्यार्थीहरूको चाप बढने थियो ।
- सामुदायिक विद्यालयमा नेतृत्वले पनि सिकाइमा प्रयक्ष प्रभाव पर्ने गर्दछ । विद्यालयको नेतृत्व गर्ने विव्यस, शिअस, प्रधानाध्यापकको इच्छाशक्तिमा पनि विद्यालयको शैक्षिक उपलब्धिमा फरक पर्न आउछ । कुशल नेतृत्व चयन गर्नमा पनि सबैको ध्यान जान आवश्यक छ ।

## स्थानीय सरकारले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि गर्न सक्ने कार्यहरू

- संविधानले प्रदान गरेको माध्यामिक तहसम्म निःशुल्क शिक्षा भनिएको भए पनि सबै व्यवस्थापनमा ससर्त अनुदानबाट विद्यालय सञ्चालन गर्ने रकमको अभाव हुने हुँदा स्थानीय सरकारले विद्यालय सञ्चालन गर्न न्यायोचित लगानी गर्न आवश्यक छ ।
- स्थानीय सरकारले आफ्नो सेवा क्षेत्रभित्रका विद्यालयहरूको नियमित अनुगमन गरी कार्यक्षेत्रमा नै आवश्यक पृष्ठपोषण दिएर थप सिकाइमा सुधार गर्न सकिन्छ ।
- स्थानीय सरकारले बसाईँसराईलाई रोक्न सामुहिक खेतीको अवधारणालाई अगाडि सार्ने र उत्पादित कृषिजन्य बस्तुलाई बजारसम्म पुर्याउन र उत्पादित बस्तुको विक्री सुनिश्चित गरी आय आर्जनमा वृद्दि गर्ने र बालबालिकाहरूलाई विद्यालयमा सहजै पठाउने वातावरणको सृजना गर्न प्रयासरत रहने ।
- शिक्षकहरूको जिल्लान्तर वा पालिकान्तर सरूवाको निश्चित समयावधि तोकेर मात्र सरूवा नीति स्थानीय तहको आवश्यकताका आधारमा निर्माण गर्नु पर्दछ ।
- शिक्षक विद्यार्थीको अनुपात मिलाउने ।
- शिक्षकहरूलाई पेसागत तालिमको व्यवस्था स्थानीय तहबाट गर्ने गराउने ।
- विद्यालयको भौतिक पूर्वाधारमा ध्यान दिने वा प्राथमिकताका आधारमा आवश्यक भौतिक निर्माण गर्ने ।
- अभिभावक शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा लागु गर्ने र विद्यालयको रेखदेखमा अभिभावकलाई बढी जिम्मेवार बनाउने ।
- विपन्न परिवारको पहिचान गरी सो परिवारबाट अध्ययन गर्ने बालबालिकाहरूलाई निशुल्क र अनिवार्य विद्यालयमा नियमित गराउन उत्प्रेरणात्मक कार्यक्रमको तय गर्ने ।
- एक पालिका एक नमूना विद्यालयको अवधारणालाई पूर्ण रूपमा लागु गरिनु पर्दछ ।

- विद्यालयमा कुशल नेतृत्वको छनोट गर्ने र नेतृत्व आवधिक रूपमा चयन गरिनु पर्दछ ।
- प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह गरी जम्मा तीन वटा आवसीय विद्यालय निर्माण गरी पूर्वाधार विकासमा ध्यान दिन आवश्यक छ ।

## आठराई गाउँपालिकाले सामुदायिक विद्यालय सुधारमा गरेका प्रयासहरू

आठाराई गाउँपापालिक गाउँ कार्यपालिकाको आ.व. २०७९/०८० र ०८०/०८१ को नीति तथा कार्यक्रम मार्फत सामाजिक विकास कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयको शिक्षामा सुधारका कार्यक्रम अगाडि सारेको छ । जसलाई तल बुँदागत रूपमा उल्लेख गरिएको छ ।

- सबै सामुदायिक विद्यालयहरूको रङ्ग नेपाल सरकारले तोकेबमोजिम एकै किसिमको बनाउने ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारी तथा शैक्षिक सहायता अनुदानका आधारमा कार्यरत भाषा शिक्षकहरूको न्यूनतम् पारिश्रमिक कम्तिमा १०,०००।– बनाउने ।
- सामुदायिक विद्यालयका शिक्षक कर्मचारी तथा विद्यार्थीहरूको पोसाक नेपाल सरकारले तोकेबमोजिमको एकरूपता कायम गर्ने ।
- निःशुल्क पाठ्यपुस्तक विद्यार्थीहरूका हात हातमा समयमा पुगेको सुनिश्चित गर्ने ।
- एक विद्यालय एक खेलमैदानको अवधारणालाई अगाडि सारेको छ ।
- विद्यालय बाहिर रहेका बालवालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउने र पढाइ कार्यक्रमलाई निरन्तरता दिने ।
- वालविकास सहजकर्ताहरूको क्षमता विकासका लागि रातो बंङ्गला स्कुल पाटन ढोकासँग २५ ओटा सामुदायिक विद्यालयका बालबिकास सहजकर्ताहरूलाई साझेदारी कार्यक्रम सञ्चालन गरी क्षमता विकास गरिरहेको ।
- आठराई गाउँपालिका वडा नं.-१, सोदन भिरमुनीका बालबालिकाहरूलाई मध्यनजर राखी स्थानीय तहद्वारा आर्थिक भार वेहोर्ने गरी ओसाङ्लुङ बालबिकास केन्द्रको स्थापना भएको ।
- स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष बनाउन संशोधन गर्ने र कक्षा– ७ को पाठ्यपुस्तक निर्माणाधिन अवस्थामा रहेको ।
- आगामी वर्ष कक्षा - ८ को स्थानीय पाठ्यपुस्तक छपाउने ।
- विद्यालयको शैक्षिक तथ्याङ्कहरू अध्यावधिक गरी विद्यार्थीहरूको दोहोरोपनालाई पूर्ण रूपमा अन्त्य गरेको ।
- माध्यमिक तह र आधारभूत तह (१-८) सम्म सञ्चालित विद्यालयहरूमा विद्युतीय हाजिरी जडानको लागि बजेट विनियोजन भइसकेको । *(आठराई गाउँपालिकाः नीति तथा कार्यक्रम,२०८०)*

## निष्कर्ष

स्थानीय तहका जनप्रतिनिधिहरूले कार्यभार सम्हालेको झन्डै आठ वर्ष पूरा हुन लागेको छ। यतिका समयसम्म पनि शैक्षिक क्षेत्रमा रहेका समस्याहरू समाधान हुन नसक्नुमा केन्द्र सरकारले तुरून्त

नगर/गाउँ शिक्षा अधिकारी पठाउन नसक्नु, विद्यालय एवं शिक्षक कसरी व्यस्थापन गर्ने तथा शिक्षक सरूवा कसरी र कसले गर्ने भन्ने विषयमा स्पस्ट कार्यविधि र निर्देशन नहुनु नै मुख्य कारक हुन्। तथापि सार्वजनिक शिक्षाको सुधार गर्नुपर्छ भन्ने विषयम आठराई गाउँपालिकाले चासो दिइरहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँपालिका शिक्षा ऐन, नियम तथा कार्यविधि निर्माणगरी शिक्षामा सुधार ल्याउने प्रयत्न भइरहेको छ।

सामुदायिक विद्यालयमा दिनानुदिन विद्यार्थीहरूको सङ्ख्या घट्दो रूपमा गइरहेको छ । अबका दिनमा विद्यालयमा विद्यार्थी घट्नाका कारणहरू पहिचान गरी सङ्घीय सरकारबाट हस्तान्तरित बजेटलाई शिक्षा क्षेत्रसँग जोडेर परिचालन गर्ने र शिक्षण सिकाइलाई समय सापेक्ष र प्रविधिमैत्री नबनाउने हो भने अवको ५ वर्षमा ५९ विद्यालयहरू मध्ये कम्तिमा १० वटा विद्यालयहरू समायोजन गर्नुको विकल्प छैन

संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको न्यूनतम पारिश्रमिक निर्धारण गरी उनीहरूको तलबभत्ता बैङ्क मार्फत  मासिक रूपमा गर्नुपर्ने भुक्तानी व्यवस्था मिलाइनु पर्छ। विद्यालयमा शैक्षिक सुशासन कायम गर्न विद्युतीय हाजिरी र कक्षाकोठामा सिसी टिभी, अभिभावक र विद्यार्थीहरूलाई शैक्षिक जनचेतना फैलाउन तोकिएका व्याक्तिहरूलाई जिम्मेवारी प्रदान गर्नु पर्दछ ।

लामो समयदेखि केन्द्रीकृत शासन प्रणाली अन्तर्गत शिक्षा मन्त्रालय तथा शिक्षा विभागले गर्न नसकेको शैक्षिक सुधारको काम स्थानीय सरकारको काँधमा आएको छ। अब ढिलो नगरिकन दलीय समन्वय, छलफल र राय सुझावको आधारमा विवादरहित ढङ्गले स्पष्ट कार्यविधि र प्रक्रियामार्फत शैक्षिक सुधार गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षा सम्बन्धी दिएको अधिकार  प्रयोग गरी अगाडि बढ्ने हो भने स्थानीय सरकारले आफ्नो सेवा क्षेत्रभित्रको शिक्षामा सुधार ल्याउन सकिन्छ ।

## सन्दर्भ सामग्री

आठराई गाउँपालिका (२०८१), *आठराई गाउँपालिका नीति तथा कार्यक्रमः २०८०/०८१,* आठराई गाउँपालिका ।

उप्रेती, गङ्गाप्रसाद र दाहाल राधिका, (२०७२), *हरिचरण सिटौलाको सुकीर्ति (स्मृतिग्रन्थ),* नइ प्रकाशन, काठमाडौँ ।

ढुङ्गाना, विष्णु (२०१८), *नेपालको शैक्षिक इतिहास,* नइ प्रकाशन, काठमाडौँ ।

नेपाल सरकार (२०७७), *शिक्षाक्षेत्र योजना विकास कायय ढाँचा, २०७७,* नेपाल सरकार ।

नेपाल सरकार (२०७८),*स्थानीय तहको शिक्षा निर्माण सम्बन्धी मार्गदर्शनः २०७८,* नेपाल सरकार ।

नेपाल सरकार (२०७४), *स्थानीय सरकार सञ्चालन ऐन, २०७४,* नेपाल सरकार ।

नेपाल सरकार (२०५९), *शिक्षा नियमावली,२०५९,* नेपाल सरकार ।

https://censusnepal.cbs.gov.np/results/np/population.

https://censusnepal.cbs.gov.np/results/np/literacy.

https://censusnepal.cbs.gov.np/results/np/downloads/caste-ethnicity.

https://emis.cehrd.gov.np/#/dashboard

https://moest.gov.np/

https://mofaga.gov.np/news-notice/1697.